समाज कल्याण परिषद्,

# वैदेशिक सहयोग स्वीकृति निर्देशिका-२०७१

प्रथम संशोधन - २०७३

| क.स | नियम र उप-नियम | साविकको व्यवस्था | संशोधन | संशोधनको पुष्ट्याईं |
|---|---|---|---|---|
| १ | ४.२ (घ) | संघसंस्थाले कार्यक्रम/परियोजनासंग सम्बन्धित मन्त्रालय/निकाय वा जिल्ला विकास समितिको पूर्व सहमति पत्र संलग्न गर्नु पर्नेछ। | ४.२ (घ):<br>राष्ट्रिय गैरसरकारी सामाजिक संघसंस्थाले बैदेशिक सहयोगमा संन्चालन गर्ने कार्यक्रम/परियोजना प्रस्ताव परिषद् कार्यालयमा स्वीकृतिकालागि पेश गर्दा सम्बन्धित मन्त्रालय वा निकाय वा जिल्ला विकास समितिको सिफारिस संलग्न गर्नु पर्नेछ । तर विशेष प्रकृतिका कार्यक्रमहरु, अनुसन्धान तथा सर्वेक्षण, प्राविधिक क्षेत्रमा सम्वन्धित विषयको केन्द्रिय निकायको सिफारिस पेश गर्नु पर्नेछ । विषेश परिस्थितिमा परिषद् कार्यालयवाटै स्वीकृत गर्न सकिनेछ। | मन्त्रालय, विभाग (केन्द्रीय स्तरका कार्यालय वा निकाय) र जिविसहरुले एकै प्रकारको सहमती, सिफारिस वा पूर्व स्वीकृति वा अन्य व्यहोराका पत्र आउने भएकोले सहज गर्न एकै प्रकारको वनाउन आवश्यक भएको। |
| २ | ४.२ (ग) संशोधन : | अधिकार मुखी, अध्ययन, अनुसन्धान, मानव अधिकार, सचेतना, शान्ति, सुरक्षा जस्ता सफ्टवेयर प्रकृतिका कार्यक्रम/परियोजनाको हकमा सम्बन्धित निकायको सिफारिस पेश गर्नु पर्नेछ। | ४.२ (ग) संशोधन :<br>परियोजना तर्जुमा गर्दा कम्तिमा ६०% ठोस निर्माण (Hardware) प्रकृतिका कार्य गर्नु पर्ने छ। तर, अधिकारमुखी, अध्ययन, अनुसंन्धान, मानव अधिकार, सचेतना, शान्ति जस्ता निर्माणरहित (software) प्रकृतिका कार्यक्रम/परियोजनाको हकमा सम्बन्धित मन्त्रालय/निकायको सिफारिस पेश गर्नु पर्नेछ । तर विषेश परिस्थितीमा परिषद् कार्यालयवाटै स्वीकृत गर्न सकिनेछ। | हार्डवेयर प्रकृतिका कार्यक्रमलाई प्रोत्सहान आवश्यक देखिएकोले। |
| ३ | ४.२ (ङ) थप गर्ने | ४.२ (ङ) थप गर्ने | ४.२ (ङ) थप गर्ने:<br>संस्थाले स्थापित जिल्ला भन्दा वाहिरी जिल्लाहरुमा कार्यक्रम सञ्चालन गर्ने भए स्थानीय संस्थाहरुलाई अनिवार्य रुपमा सहयोगी संस्था (Counter Part) का रुपमा राखी कार्यक्रम संचालन गर्नु पर्ने छ। | गैससहरुलाई जिम्वेवार र जवाफदेहि वनाउन आवश्यक भएकोले। |
| ४ | ४.२ (च) थप गर्ने | ४.२ (च) थप गर्ने | ४.२ (च) थप गर्ने:<br>कार्यक्रम सञ्चालन गर्दा एक अर्का जिल्ला वा गाउँ विकास समिति जोडिएको हुनु पर्ने छ, अर्थात क्षेत्रगत अवधारणा (Cluster Approach) अवलम्वन गर्दै जानु पर्नेछ। | कार्यक्रम संचालन गर्दा प्रशासनिक खर्च न्यून गर्न तथा जिल्ला गाविसको विकासमा समानता ल्याउन आवश्यक भएकोले। |
| ५ | ४.२ (छ) थप गर्ने | ४.२ (छ) थप गर्ने | ४.२ (छ) थप गर्ने:<br>परियोजना प्रस्ताव पेश भएपछि योजना कार्यक्रम विभागले परियोजनाको थप स्पष्टताका लागि संस्थालाई प्रस्तुतीकरण गर्न लगाउन सक्नेछ। | परियोजनाका सम्वन्धमा थप स्पष्ट हुन आवश्य भएकोले। |
| ६ | ४.४ संशोधन : | ४.वार्षिक लेखापरीक्षण प्रतिवेदन, प्रगति विवरण र अन्तिम निर्वाचनको माईन्यूट प्रतिलिपि। | ४.४ संशोधन:<br>वार्षिक लेखापरीक्षण प्रतिवेदन, प्रगति विवरण, अन्तिम निर्वाचनको वैठकको प्रतिलिपि र कार्य सम्पन्न प्रतिवेदन। | पेश भएका कागजातहरुको आधिकारिकता वनाउन आवश्यक भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| ७ | ४.५ (क) संशोधन : | क) निवेदन साथ प्रकृया पुगि प्राप्त भएको कार्यक्रम/परियोजना प्रस्ताव राय सहित स्वीकृतिका लागि सहायक निर्देशकले, उप निर्देशक, उप निर्देशकले निर्देशक, निर्देशकले उप समिति पेश गरि उप समितिको निर्णय पश्चात परिषद्का सदस्य-सचिववाट स्वीकृति हुनेछ । तर प्रस्तुत कार्यक्रम/परियोजना प्रस्ताव भुटानी शरणर्थी, सम्वन्धि काम गर्ने भए नेपाल सरकार, गृह मन्त्रालयको तथा अन्य परियोजना सम्वन्धमा परिषद्लाई आवश्यक लागेमा सम्वन्धित मन्त्रालयहरुको राय सहमति लिएर मात्र स्वीकृत गरिने छ तथा कुनै कारणवस उप समिति नरहेमा वा उप समितिको वैठक वस्न नसेको अवस्थामा सदस्य सचिववाट स्वीकृत | ४.५ (क) संशोधन : निवेदन साथ प्रकृया पुगि प्राप्त भएको कार्यक्रम/परियोजना प्रस्ताव राय सहित स्वीकृतिका लागि योजना कार्यक्रम विभागवाट प्रकृयागत रुपमा योजना तथा कार्यक्रम उप समितिमा पेश भई, समितिको सिफारिस पश्चात सदस्य-सचिववाट स्वीकृति हुनेछ । तर कार्यक्रम/परियोजना प्रस्ताव शरणार्थी सम्वन्धि भएमा नेपाल सरकार, गृह मन्त्रालय तथा अन्य परियोजना सम्वन्धमा परिषद् कार्यालयलाई आवश्यक लागेमा सम्वन्धित नेपाल सरकारका मन्त्रालय वा निकायहरुको राय सहमति लिएर मात्र स्वीकृत गरिने छ । कुनै कारणवस उप समिति नरहेको वा वैठक वस्न नसक्ने अवस्थामा सदस्य सचिववाट स्वीकृती गर्न वाधा पर्ने छैन । | अधिकृतको अनुपस्थितीले सेवा ग्राहिको कार्यमा वाधाअवरोध आउन नदिन आवश्यक भएकोले । |
| ८ | ४.६ (घ) थप गर्ने | ४.६ (घ) थप गर्न | ४.६ (घ) थप गर्ने: गैरसरकारी संस्थाहरुले वालगृह संचालन सम्वन्धि कार्यक्रम/परियोजना प्रस्ताव स्वीकृतीका पेश गर्दा बालगृहमा आश्रित वालवालिकाको उमेर १६ बर्ष सम्म रहदा सम्म सनातन (स्वः) संस्कृति अनुकुल व्यवस्थापन वालगृहले गर्नु पर्नेछ । | वालगृहहरुमा सवै धर्मका वालवालिकाहरु रहने भएकोले नेपालको संविधानले सवैलाई समान अवशर प्रदान गरेको हुदा त्यस्को कार्यान्वयनका लागि आवश्यक भएकोले । |
| ९ | ४.६ (ङ) थप गर्ने | ४.६ (ङ) थप गर्ने | ४.६ (ङ) थप गर्ने: गैरसरकारी संस्थाहरुले वालगृह सम्वन्धि कार्यक्रम/परियोजना परिषद् कार्यालयमा पेश गर्दा प्रस्तावना साथ वालगृह संचालित भवन स्पष्ट देखिने नक्सा पेश गर्नु पर्ने छ । त्यस्तो गृह परिवर्तन गर्नु पर्ने भए परिषद् कार्यालयको अग्रिम सिफारिस लिनु पर्नेछ । | वालगृहहरुको म्यापिङ्ग गर्न आवश्यक भएकोले । |
| १० | ४.६ (च) थप गर्ने | ४.६ (च) थप गर्ने | ४.६ (च) थप गर्ने: गैरसरकारी संस्थाहरुले वालगृह सम्वन्धि कार्यक्रम/परियोजना प्रस्ताव साथ अनिवार्य रुपमा सम्वन्धित जिल्लाको वालवालिका कार्यालयको सिफारिस पत्र संलग्न गर्नु पर्ने छ । | गृह संचालन सम्वन्धि जानकारी जिल्ला महिला वालवालिका शाखा कार्यालयलाई जानकार वनाउन आवश्यक भएकोले । |
| ११ | ४.११ (ङ) थप गर्ने | ४.११ (ङ) थप गर्ने | ४.११ (ङ) थप गर्ने: गैरसरकारी संस्थाहरुले परियोजना स्वीकृती/अनुमोदन/सिफारिस लगायतका कार्यकालागि परिषद् कार्यालयमा अभिलेख/कागजात पेश गर्दा संस्थाको आधिकारिक व्यक्तिवाट प्रमाणित गरि पेश गर्नु पर्ने छ । | अभिलेखहरुलाई प्रमाणिकरण गर्न आवश्यक भएकोले । |
| १२ | ५ मा संशोधन : | संघ/संस्थाद्धारा वैदेशिक सहयोगमा कार्यक्रम/परियोजना संचालन गर्नु पूर्व समाज कल्याण ऐन २०४९ वमोजिम स्वीकृत लिनु पर्ने प्रावधान वमोजिम अज्ञानता/भुलवस पूर्व स्वीकृति नलिई कार्यक्रम संचालन गरेको र संस्था नविकरण रोकिन | ५ मा संशोधन: संघ/संस्थाद्धारा वैदेशिक सहयोगमा कार्यक्रम/परियोजना संचालन गर्नु पूर्व समाज कल्याण ऐन २०४९ वमोजिम स्वीकृत लिनु पर्ने प्रावधान वमोजिम अज्ञानता/भुलवस पूर्व स्वीकृति नलिई कार्यक्रम संचालन गरेको वा संस्था नविकरण रोकिन गएको खण्डमा संस्थालाई सुध्रने | निर्देशिकालाई व्यवहारिक रुपमा सकृय वनाउन आवश्यक भएको । |

| | | | | |
|---|---|---|---|---|
| | | गएको खण्डमा संस्थालाई सुध्रने मौका स्वरुप एक पटकका लागि मात्र वैदेशिक सहयोग खर्च रकम अनुमोदन प्रकृयामा राखी संस्थालाई सचेत गराई सम्वन्धित जिल्ला प्रशासन कार्यालयमा नविकरण सिफारिस गर्नै तथा सोहि प्रकृया पुनः दोहरिन गएमा परिषद्को नियमानुसार डण्डात्मक कार्यवाहि गरिने छ | मौका स्वरुप एक पटकका लागि मात्र वैदेशिक सहयोग खर्च रकम अनुमोदन प्रकृयामा राखी आवश्यकता अनुरुप अनुगमन/मूल्याँकन गरि, संस्थालाई सचेत गराई, सम्वन्धित जिल्ला प्रशासन कार्यालयमा नविकरण सिफारिस गरिने छ । तर यो कार्य यो निर्देशिका लागू भए पछि एक पटकका लागि अनुमोदन प्रकृयामा राखिने छ । सोहि प्रकृया पुनः दोहरिन गएमा परिषद्को नियमानुसार कार्यवाहि गरिने छ । | |
| १३ | नियम ५क थप गर्ने | थप गर्ने | नियम ५क थप गर्नेः<br>गैरसरकारी संस्थाहरुले परियोजना प्रस्ताव पेश गर्दा प्रत्यक्ष परोक्ष ढंगले आस्था परिवर्तन सम्वन्धि परियोजना संचालन गर्न स्वीकृती दिइने छैन । | नेपालको संविधानले सवैलाई समान अवशर प्रदान गरेको हुदा संविधानको कार्यान्वयनमा सहयोग गर्न आवश्यक भएकोले । |
| १४ | नियम ५ख थप गर्ने | थप गर्ने | नियम ५ख थप गर्नेः<br>गैरसरकारी संस्थाहरुले परियोजना प्रस्ताव पेश गर्दा परियोजना संचालन स्थल (महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँ विकास समितिको नाम, वार्ड आदी) स्पष्ट रुपमा खुलाउनु पर्ने छ, । | परियोजना स्थलको नक्साङ्कन गर्न आवश्यक भएकोले । |